# प्रेस नोट

**मेलबर्नमा 'NDIS Business Unlocked' कार्यक्रम, नेपाली उद्यमीहरूका लागि नयाँ अवसर**

अष्ट्रेलियामा एनडीआईएस (NDIS) व्यवसाय सञ्चालन, लगानी अवसर, नीति-नियम, र रणनीतिहरूको विस्तृत जानकारी दिने उद्देश्यले FINYE Australia (Federation of International Nepali Youth Entrepreneurs) ले अप्रिल ११, २०२५ मा "NDIS Business Unlocked" कार्यक्रमको आयोजना गर्ने भएको छ। कार्यक्रम मेलबर्नको Batman's Hill on Collins, 623 Collins St मा साँझ ६:०० बजे हुनेछ।

आयोजक FINYE Australia का अनुसार, NDIS व्यवसाय सुरु गर्न चाहने, हाल सञ्चालन गरिरहेका NDIS सेवा प्रदायकहरू, र SDA (Specialist Disability Accommodation) मा लगानी गर्न इच्छुक नेपाली व्यवसायीहरू को लागि यो कार्यक्रम विशेष रूपमा उपयोगी हुनेछ। यो कार्यक्रम NDIS व्यवसायमा रुचि राख्ने नेपाली उद्यमीहरूका लागि नयाँ अवसर, ज्ञान, र नेटवर्किङको उत्कृष्ट अवसर हुनेछ।

NDIS व्यवसाय अष्ट्रेलियामा नेपाली समुदायबीच लोकप्रिय व्यवसायिक मोडलहरूमध्ये एक बनिसकेको छ। पछिल्ला वर्षहरूमा दर्जनौं नेपाली व्यवसायीहरूले NDIS सेवा प्रदायकको रूपमा दर्ता गरी सहभागीहरूलाई विभिन्न प्रकारका सहायता सेवा प्रदान गरिरहेका छन्। FINYE Australia का अध्यक्ष सुजाता चालिसेले नेपाली समुदायबाट NDIS क्षेत्रमा व्यवसायिक सहभागिता उल्लेखनीय रूपमा बढेको बताउँदै, सही नीति, नियम, वित्तीय योजना, लगानी अवसर, र डिजिटल मार्केटिङ ज्ञान बिना दीर्घकालीन सफलताको सम्भावना न्यून रहने औंल्याइन्।

उनी भन्छिन्, *"NDIS व्यवसायमा प्रवेश गर्न चाहने वा सफल हुन खोजिरहेका नेपाली उद्यमीहरूका लागि यो कार्यक्रम ज्ञानवर्धक र प्रभावकारी हुनेछ। यसले उनीहरूलाई सही मार्गदर्शन र नेटवर्किङको अवसर प्रदान गर्नेछ।"*

कार्यक्रममा अष्ट्रेलियाका सफल NDIS व्यवसायी, वित्तीय परामर्शदाता, र लगानीकर्ता र SDA (Specialist Disability Accommodation) निर्माण व्यवसायीले आफ्नो अनुभव, ज्ञान, र रणनीतिहरू प्रस्तुत गर्नेछन्। यसका प्रमुख वक्ताहरूमा Infinite Ability, Melbourne का संस्थापक बासुदेब मरहठ्ठा, Nurse Aid, South Australia की सीईओ उषा गुरुङ, Direct Care Assistance, Melbourne की संस्थापक सबिना सिलवाल, SIS तथा CST Academy, Perth का संस्थापक भुवन खड्का, Metacare Hub, Perth का संस्थापक कमल सिलवाल, Boutique Mortgage & Finance, Sydney की संस्थापक सन्जुक्ता अधिकारी, Tasmania का Mortgage Broker, रोशन भट्टराई, Equal Access Group का प्रबन्ध निर्देशक ब्रुस ब्रोम्लि, KBA Global का संस्थापक शम्भु कँडेल, र KBA Web का १६ वर्षीय युवा व्यवसायी साम कँडेल छन्।

वक्ताहरुले कार्यक्रममा NDIS व्यवसाय सुरु गर्न आवश्यक प्रक्रियाहरू, नीति-नियम, नियम पालन (compliance) सम्बन्धी सचेतना, बजार रणनीति र विशेष प्यानल छलफल प्रस्तुत गर्नेछन। वित्तीय लगानी र रणनीतिहरूलाई विशेष प्राथमिकता दिइने कार्यक्रममा विशेषगरी NDIS व्यवसायका लागि उपलब्ध वित्तीय सहयोग, बैंकिङ रणनीति, र लगानीका अवसरहरूबारे विस्तृत जानकारी दिइनेछ। SDA (Specialist Disability Accommodation) मा लगानी तथा निर्माण प्रक्रियामा अनुभवी व्यवसायीहरूले आफ्नो अनुभव साझेदारी गर्नेछन्। साथै, डिजिटल प्रविधि र मार्केटिङले कसरी NDIS व्यवसायलाई थप सफल बनाउन मद्दत गर्न सक्छ

भन्नेबारे पनि जानकारी प्रदान गरिनेछ। कार्यक्रममा अष्ट्रेलियन सरकारको लेबर अग्रीमेन्ट र डामा अग्रीमेन्टले कर्मचारि नियुक्ति र स्पोन्सरशिपमा कसरि मद्धत पुग्न सक्छ भन्ने बारे पनि जानकारि प्रस्तुत गरिनेछ ।

अध्यक्ष चालिसेका अनुसार आयोजक सन्स्था FINYE Australia एक गतिशील संस्था हो, जसले अष्ट्रेलियामा रहेका नेपाली समुदायका उद्यमीहरूलाई सशक्त बनाउने कार्यमा केन्द्रित छ। यस संस्था को मुख्य उद्देश्य नेपाली व्यवसायीहरू, पेशेवरहरू र उद्यमीहरूलाई एक प्लेटफर्म प्रदान गर्नु हो जसमा उनीहरूले एक आपसमा नेटवर्किङ, सहकार्य र व्यवसायिक वृद्धि गर्न सकून्। FINYE Australia अष्ट्रेलियाको यस प्रकारका कार्यक्रमहरूले नेपाली व्यवसायीहरूलाई सही मार्गदर्शन प्रदान गर्ने आयोजकको विश्वास छ।

"NDIS Business Unlocked" कार्यक्रमको प्रवेश शुल्क प्रति व्यक्ति $100 तोकिएको छ, जसमा डिनर समावेश हुनेछ। साथै, सहभागीहरूलाई $150 बराबरको निःशुल्क NDIS अनलाइन तालिम (CST Academy) प्रदान गरिनेछ। आयोजकका अनुसार, सिट संख्या सीमित भएकाले इच्छुक सहभागीहरूलाई अग्रिम दर्ता गर्न आग्रह गरिएको छ। टिकट लिन्कः https://theeticket.com.au/e/ndisbn